# प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७४

आयोगबाट स्वीकृत मिति : २०७४।६।२७

प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ को दफा १४ मा संशोधन** : प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १४ को उपदफा (२) मा रहेका "जनसङ्ख्याको आधारमा" भन्ने शब्दहरु पछि "यथासम्भव" भन्ने शब्द थपिएको छ ।

३. **मूल नियमावलीको नियम ४० मा संशोधन** : मूल नियमावलीको नियम ४० को उपनियम (३) मा रहेका "महिला तथा" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा ६० को उपदफा (४) बमोजिम त्यस्तो दलको तर्फबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी नाम समावेश गर्नुपर्ने महिलाको सङ्ख्या र त्यस्तो दलले नियम १४ को उपनियम (२) बमोजिम उम्मेदवारको बन्दसूचीमा समावेश गरेको विभिन्न समावेशी समूहका उम्मेदवारको सङ्ख्याको अनुपातमा ऐनको दफा ६० को उपदफा (२) बमोजिमको मतपरिणाम विभाजक सुत्रको आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।